नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नेपाल ए.पि.एफ. अस्पताल

## पुराना मेसिनरी तथा जिन्सी सामानहरुको लिलाम बिक्री सम्वन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।०८।०१ गते ।**

१. नेपाल ए.पि.एफ. अस्पताल बलम्बुमा रहेका तपशिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोल पत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

निम्न

| सि.नं. | जिन्सी सामानहरुको बिवरण | न्युनतम जम्मा मुल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कै. |
|---|---|---|---|---|
| १. | पुराना मेशिनरी तथा जिन्सी सामानहरु | ६,९३,५९१/- | १,०००/- | |

२. नेपाल ए.पि.एफ. अस्पताल बलम्बुबाट प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन (मिति २०७८।०८।१५ गते) कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फारम १६ औं दिन (मिति २०७८।०८।१६ गते) को १२:०० बजे भित्र नेपाल ए.पि.एफ. अस्पताल बलम्बुमा दर्ता गराई सक्नु पर्ने छ । दाखिला भएका बोलपत्र फारमहरु सोही दिनको १४:०० बजे यस कार्यालमा खोलिने छ ।बोलपत्र खोलिने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा कार्यालय खोलिएको दिन सोही समयमा गरिने छ ।

३. बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकम नघटाई नेपाल ए.पि.एफ. अस्पताल बलम्बुको कार्यालय कोर्ड नं. ३१४०५३५०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकुको धरौटी खाता १७००१००१०२०३०००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कैल बैंक जमानत (बैंक ग्यारेन्ट) बोलपत्र साथ पेश गर्नु पर्ने छ।

४. स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजको साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम कारबाही गर्ने छ ।

५. उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस अस्पतालमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको फोन नं. ०१-४३१५२२४ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने छ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web site:- www.apf.gov.np मा समेत राखिएको छ।